नेपाल सरकार

संङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय

## (LGAF Secretariat)

पुल्चोक, ललितपुर

## आशय-पत्र आव्हान

**(प्रथम पटक प्रकाशित मिति : २०७३।६।१२)**

स्थानीय स्तरबाट प्रवाहहुने सार्वजनिक सेवा तथा शासन प्रकृयामा स्थानीय सरकार र नागरिक बीचको सकारात्मक सहकार्य, अन्तर्रक्रिया र अन्तर सम्वन्धको माध्यमबाट स्थानीय सुशासनको सुदृढिकरणमा टेवादिने उद्देश्यले स्थानीय शासन उत्तरदायी संयन्त्र (Local Governance Accountability Facility-LGAF) ले नागरिक समाजका संघ, संस्थाहरुको संलग्नतामा सामाजिक उत्तरदायित्व (Social Accountability) सम्वन्धी कार्यमा सहयोग एवम् सहजीकरण गर्दै आएको छ । जिल्ला, नगर र गाँउ तहमा उत्तरदायित्व प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका लागि सामाजिक उत्तरदायित्व, सुशासन, सामाजिक परिचालन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र स्थानीय निकायका विकास व्यवस्थापन कार्यमा सहभागितात्मक अनुगमन जस्ता क्षेत्रमा कम्तिमा १ बर्षको अनुभव हासिल गरेका, सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका, गैर नाफामूलक इच्छुक नागरिक समाजका संघ संस्थाहरु (CSOs) बाट खरिद नियमावली २०६४ को नियम ७० को ७ को प्रयोजनार्थ पुन: आशय पत्र आह्वान गर्दा समेत सम्बन्धित जिल्लाबाट आशय-पत्र दर्ता हुन नआएको हुँदा खरिद नियमाली ७० को ८ प्रयोजनार्थ निम्नानुसारका जिल्लाहरुमा आ.ब. २०७३/०७४ का लागि पुन : आशय-पत्र आव्हान गरिन्छ ।

यस सम्बन्धी कार्य गर्न इच्छुक नागरिक समाजका संघ/संस्थाहरुले आशयपत्रको फारम स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय, ललितपुर वा सम्बन्धित LGCDP RCU क्षेत्रीय समन्वय ईकाईबाट कार्यालय समय भित्र वा इमेल तथा वेवसाईट www.lgaf.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ । भरिएका आशय-पत्र साथ निज CSO ले नवीकरणको प्रमाणपत्र र मु.अ.कर (VAT) प्रमाणपत्रको प्रतिलिपि सहित २०७३ साल कार्तिक १० गते दिनको १२ बजे भित्र सम्बन्धित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको क्षेत्रीय समन्वय ईकाईमा दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघी वा रीत नपुगी आएका, इमेलबाट पठाइएका र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि सम्बन्धित जिविस वा नगरपालिकामा स्थानीय सेवाप्रदायकमा छनोट भै कार्य गरिरहेका संस्थाको आशय-पत्र स्वीकार गरिने छैन ।

आवेदक संस्थाको छनौट, संस्थाको आधिकारिकताको प्रमाणहरु, कार्यगत अनुभव, आर्थिक तथा मानव संसाधनको अवस्था, संस्थाको आन्तरिक सुशासनलाई आधार मानी गरिने छ । आशय-पत्रद्वारा छनौटमा परेका संस्थाहरुबाट मात्र प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ । प्राप्त भएका आशय-पत्र छनौट गर्ने, नगर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार LGAF सचिवालयलाई रहने छ ।

**सम्पर्क**

**स्थानीय शासन उत्तरदायी संयन्त्रको सचिवालय**
**जावलाखेल, ललितपुर (मुस्लिम आयोग बसेको भवनको तेश्रो तल्ला)**
**इमेल : lgafktm@gmail.com फोन : ०१५०००२६**

**आशय पत्र माग गरिएका जिल्लाहरु : सिन्धुपाल्चोक, सर्लाही, कास्की, मनाङ, मुस्ताङ, गोर्खा, कपिलवस्तु, नवलपरासी, रुपन्देही, रुकुम, डोल्पा र हुम्ला**

**आशय पत्र बुझाउनु पर्ने एलजिसिडिपी क्षेत्रीय समन्वय ईकाईहरु:**

| | |
|---|---|
| धुलिखेल क्षेत्रीय समन्वय ईकाइ, धुलिखेल अस्पताल रोड धुलिखेल नगरपालिका वडा नं.५, वि.पी. मार्ग, चौकोट. फोन नं. : | हेटौंडा (जनकपुर) क्षेत्रीय समन्वय ईकाइ, अन्नपूर्णा टोल, हेटौंडा उप महानगरपालिका वडा नं.२, टेलिफोन नं. ०५७-५२५२९५ |
| पश्चिमाञ्चल क्षेत्रीय समन्वय ईकाइ, पोखरा रामघाट बुद्धटोल, पोखरा उप महानगरपालिका वडा नं.१०, टेलिफोन: ०६१-५३७९७९ | मध्यपश्चिमाञ्चल क्षेत्रीय समन्वय ईकाइ, भृकुटिनगर नेपालगञ्ज उप महानगरपालिका वडा नं.१३, टेलिफोन नं.०८१-५२७०६१ |

**नोट** : नागरिक समाजका संस्थाहरु भन्नाले यस कार्यक्रमको प्रयोजनको लागि गैर नाफामूलक र स्वयंसेवी भावनाले उत्प्रेरित भई स्थानीय स्तरमा दर्ता भएका गै.स.स., सामुदायिक विकास संस्था, सामुदायिक संचार सम्वन्धी संस्थाहरु तथा यस्तै प्रकारका अन्य संघ संस्थाहरुलाई जनाउंछ ।